# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) हेटौंडा, मकवानपुर, मंसिर ९ गते, २०७५ साल (अतिरिक्ताङ्क २३(ख)

## भाग ४

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

माननीय मुख्यमन्त्री डोरमणि पौडेलले निज र माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री अरुणप्रसाद नेपाल मिति २०७५।०८।१० देखि २०७५।०८।१३ सम्म कतारको दोहामा आयोजना हुने $6^{th}$ Global

economic development forum को One belt one road कार्यक्रममा सहभागी हुन मिति २०७५।०८।०९ मा त्यसतर्फ प्रस्थान गर्नुभएकोले माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलको अनुपस्थितिमा मुख्यमन्त्री र उहाँले सम्हाल्दै आउनुभएको भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यभार माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जम्कट्टेलले सम्हाल्ने गरी र माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री अरुणप्रसाद नेपालको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यभार माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाशप्रसाद ढुङ्गेलले सम्हाल्ने गरी माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलले तोक्नुभएकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**रमेश प्रसाद शिवाकोटी**
**निमित्त प्रमुख सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.३, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-